नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info.pmep.np@gmail.com
info@moless.gov.np

Website :pmep.gov.np

च.नं.: १३३

मितिः– २०७६/०१/२९

विषयः– बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै ।
(मार्फतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय), सिंहदरवार ।

प्रस्तुत विषयमा यस आर्थिक वर्ष २०७५/७६ देखि यस मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुको सहकार्यमा आन्तरिक रोजगारी श्रृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ भएको व्यहोरा विदितै छ ।

प्रत्येक स्थानीय तह(पालिकाहरु) मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा संलग्न हुने उद्देश्यले बेरोजगारको सूचीमा दर्ता हुन निवेदन दिएका बेरोजगार व्यक्तिहरुमध्ये अन्तिम सूचीमा सूचिकृत हुने बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्ने एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने प्रमुख उद्देश्यले यस मन्त्रालयबाट "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधि, २०७६" मा. मन्त्रिस्तरको मिति २०७६।०१।२२ गतेको निर्णय बमोजिम स्वीकृत भएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

नियमानुसार बेरोजगारको सूचीमा सूचिकृत हुने बेरोजगार व्यक्तिहरुलाई उल्लिखित कार्यविधिको अधीनमा रही यसै आर्थिक वर्षमा केही दिनको रोजगारी दिन सकिने अवस्था रहेको हुँदा सोही कार्यविधिमा उल्लिखित क्रियाकलापहरुमा खर्च गर्ने गरी सोही कार्यविधिको दफा १६ मा उल्लेख भएका मापदण्डहरुका आधारमा ७५३ वटै स्थानीय तहहरुलाई बजेट बाँडफाँड गरिएको छ। यसरी बाँडफाँड गरिएको रकम अर्थ मन्त्रालयको मिति २०७६।०१।२४ गतेको निर्णयानुसार यस कार्यक्रमको बजेट उपशीर्षक नं. ३७११०८ बाट सबै स्थानीय तहहरुलाई खर्च शीर्षक नं. २६३२२ (सशर्त पुँजीगत अनुदान) अन्तर्गत LMBIS मार्फत अख्तियारी दिई पठाईसकिएको छ । यसरी प्राप्त भएको बजेट नेपाल सरकार (म.प.) को मिति २०७५/१०/२५ को निर्णयको बुँदा नं. ४ को पूर्ण पालना गर्ने गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गरी प्रचलित आर्थिक ऐन नियम बमोजिम उल्लिखित कार्यविधिको कार्यान्वयनका लागि नियमानुसार खर्च गर्नु हुन र त्यसको प्रतिवेदन समयमै यस मन्त्रालयमा उपलब्ध गराउनु हुन समेत मन्त्रालयको २०७६।०१।२२ को उल्लिखित निर्णयानुसार अनुरोध छ ।

उल्लिखित मितिको नेपाल सरकार (म.प.) को निर्णयको प्रतिलिपी, "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधि, २०७६" र सबै स्थानीय तहहरुलाई पठाइएको बजेटको विवरण यस कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा समेत राखिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ।

डा. लोकनाथ भुसाल
उपसचिव

बोधार्थः
श्री अर्थ मन्त्रालय, कार्यक्रम तथा बजेट महाशाखा, सिंहदरवार ।
श्री आर्थिक प्रशासन शाखा, श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय ।
श्री नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा, श्रम, रोजगार तथा सा.सु.म. ।
श्री सामाजिक विकास मन्त्रालय, ............... प्रदेश।

